तमानखोला गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ०९ संख्याः ०२ मितिः २०८२/०२/२६ गते

**भाग-२**

**तमानखोला गाउँपालिका**

## उच्च शिक्षामा छात्रवृत्ति सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०२/२६

**१. प्रस्तावनाः**

विभिन्न क्याम्पसहरुमा अध्ययनरत यस तमानखोला गाउँपालिकाभित्रका विद्यार्थीहरुको उच्च शिक्षामा सहज पहुँच तथा गुणस्तरीय शिक्षा अभिवृद्धि गर्ने अभिप्रायले यो उच्च शिक्षामा छात्रवृत्ति सहयोग कार्यक्रम कार्यविधि, २०८२ कार्यपालिकाबाट स्वीकृत गरी जारी गरिएको छ।

**२. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम उच्च शिक्षामा छात्रवृत्ति सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाबाट : स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

**३. परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमास

(क) "अध्यक्ष" भन्नाले तमानखोला गाउँपालिकाका अध्यक्षलाई सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले तमानखोला गाउँकार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) क्याम्पसू भन्नाले विभिन्न विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी कक्षा सञ्चालनको लागि अनुमति पाएका शैक्षिक संस्थाहरुलाई सम्झनु पर्दछ ।

(घ) "छात्रवृत्ति" भन्नाले अध्ययनका अवस्थामा उच्च शिक्षामा सहज पहुँच तथा गुणस्तरीय शिक्षा अभिवृद्धिका निम्ति विद्यार्थीलाई निश्चित समयसम्म दिइने सहयोग रकमलाई सम्झनु पर्दछ ।

(ङ) "कार्यालय" भन्नाले तमानखोला गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

(च) "समिति" भन्नाले दफा ८ बमोजिमको छात्रवृत्ति समिति सम्झनु पर्दछ।

**४. कार्यविधिको उद्देश्यः**

यो कार्यविधि जारी गर्नुको उद्देश्य देहाय बमोजिम रहेका छन्ः-

- विभिन्न क्याम्पसहरुमा अध्ययनरत यस तमानखोला गाउँपालिकाभित्रका विद्यार्थीहरुको उच्च शिक्षामा सहज पहुँच तथा गुणस्तरीय शिक्षामा अभिवृद्धि गर्नु,
- गरिब तथा जेहेन्दार विद्यार्थीहरूलाई उच्च शिक्षा हासिल गर्न आर्थिक सहायता प्रदान गर्नु,
- उच्च शिक्षाप्रति विद्यार्थीहरुको आकर्षण वृद्धि गरी दक्ष जनशक्ति उत्पादन गर्नु,
- छात्रवृत्ति वितरण तथा निकासा प्रक्रियालाई सहज तथा पारदर्शी बनाउने आधार निर्धारण गर्नु,

**५. छात्रवृत्तिका लागि योग्यता तथा शर्तहरु सम्बन्धी व्यवस्थाः**

(१) यो कार्यविधि अनुसार छात्रवृत्ति प्राप्त गर्न देहाय अनुसारका योग्यता तथा शर्तहरु तोकिएको छः-

क) विद्यार्थी तमानखोला गाउँपालिका भूगोलभित्रको नेपाली नागरिक हुनुपर्नेछ।

ख) विद्यार्थी गरिब तथा जेहेन्दार हुनुपर्नेछ।

ग) विद्यार्थी क्याम्पसमा नियमितरुपमा अध्ययनरत हुनुपर्नेछ।

घ) तल्लो तहको शैक्षिक योग्यतामा कम्तीमा २.०० जि.पी.ए. वा द्वितीय श्रेणी सहित उत्तीर्ण भएको हुनुपर्ने छ।

**६. छात्रवृत्ति आवेदन माग तथा छनोट गर्ने प्रक्रियाः**

छात्रवृत्ति आवेदन माग तथा छनोट गर्ने प्रक्रिया देहाय बमोजिम हुनेछः-

क) कार्यालयले छात्रवृत्तिको लागि १५ दिनको आवेदन आह्वान गर्नेछ।

ख) सूचनामा तोकीएको समय सीमाभित्र माग गरिए बमोजिमका कागजात सहित पालिका समक्ष तमानखोला गाउँपालिकाका विद्यार्थीहरु अध्ययनरत क्याम्पसले एकमुष्टरूपमा वा विद्यार्थीले व्यक्तिगतरूपमा अनुसूची १ बमोजिमको ढाँचामा आवेदन पेस गर्नुपर्नेछ।

ग) प्राप्त आवेदनहरुको अध्ययन गरी दफा ८ बमोजिमको छात्रवृत्ति छनोट तथा सिफारिस समितिबाट मूल्याङ्कन गरी सिफारिस हुनुपर्नेछ।

घ) यस दफा बमोजिम छात्रवृत्तिका लागि विद्यार्थी छनोट गर्दा जिल्ला भित्रका क्याम्पसमा अध्ययन गर्ने विद्यार्थीलाई प्राथमिकता दिइनेछ।

**७. छात्रवृत्तिको रकम निकासा प्रक्रियाः**

छात्रवृत्तिको रकम निकासा प्रक्रिया देहाय बमोजिम हुनेछः-

क) छनोट भएका विद्यार्थीहरुले नेपाल सरकारको छात्रवृत्ति ऐन तथा नियमावली अनुसार दोहोरो छात्रवृत्ति पाउने छैनन्।

ख) दफा ६ को खण्ड (ख) बमोजिम क्याम्पसले आवेदन गरेकोमा क्याम्पसले निर्माण गरेको अक्षयकोष सञ्चालन कार्यविधि अनुसार छात्रवृत्ति रकम एकमुष्टरुपमा अक्षयकोषसँग सम्बन्धित खातामा अनुदानको रुपमा निकासा गरिनेछ।

ग) अक्षयकोष स्थापना नभएको क्याम्पसको हकमा दफा ८ बमोजिमको छात्रवृत्ति छनोट तथा सिफारिस समितिबाट छनोट भएका विद्यार्थीहरुलाई समितिको निर्णय बमोजिम छात्रवृत्ति रकम सम्बन्धित विद्यार्थीको बैंक खातामा भुक्तानी गरिनेछ।

घ) वार्षिक तथा सेमेष्टर प्रणालीमा सञ्चालित कार्यक्रम अन्तर्गतका सबै लाभान्वित विद्यार्थीहरुले छात्रवृत्ति रकम प्राप्त गर्न अध्ययन निरन्तरता खुल्ने गरी भर्ना भएको प्रमाण सहित आवश्यक अन्य कागजात पेस गर्नुपर्नेछ।

ङ) खण्ड (ख) बमोजिम क्याम्पसले एकमुष्टरुपमा छात्रवृत्ति रकम प्राप्त गरेमा दफा ८ बमोजिमको समितिबाट सिफारिस भएका विद्यार्थीलाई मात्र छात्रवृत्ति उपलब्ध गराउनुपर्नेछ।

च) खण्ड (ङ) बमोजिमका विद्यार्थी छनोट प्रक्रिया दफा ६ बमोजिम हुनेछ।

**८. छात्रवृत्ति छनोट तथा सिफारिस समिति गठनः**

गाउँपालिकाका विद्यार्थी अध्ययनरत क्याम्पस वा विद्यार्थीलाई छात्रवृत्ति छनोट तथा सिफारिस गर्नका लागि देहाय बमोजिमको समिति रहनेछः-

| | |
|---|---|
| (क) संयोजकः- | तमानखोला गाउँपालिका अध्यक्ष |
| (ख) सदस्यः- | प्रमुख प्रशासकीय अधिकृत |
| (ग) सदस्यः- | सामाजिक विकास समिति संयोजक |
| (घ) सदस्यः- | लेखा शाखा प्रमुख |
| (ङ) सदस्य सचिवः- | शिक्षा शाखा प्रमुख |

**९. छात्रवृत्ति छनोट तथा सिफारिस समितिको काम, कर्तव्य र अधिकारः**

छात्रवृत्ति छनोट तथा सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

क) प्राप्त आवेदनहरुको अध्ययन गरी छात्रवृत्तिका लागि छनोट तथा सिफारिस गर्ने,

ख) सम्बन्धित क्याम्पसले निर्माण गरेको अक्षयकोष सञ्चालन कार्यविधि अध्ययन गरी छात्रवृत्ति अनुदान रकम एकमुष्टरुपमा अक्षयकोषसँग सम्बन्धित खातामा निकास गर्न सिफारिस गर्ने,

ग) अनुगमन तथा मूल्याङ्कन गरी पृष्ठपोषण प्रदान गर्ने,

घ) छात्रवृत्ति छनोट तथा सिफारिस सम्बन्धमा आवश्यक निर्णय गर्ने।

**१०. छात्रवृत्तिको प्रकारः**

छात्रवृत्ति देहाय बमोजिम दुई प्रकारका हुनेछनः-

क) पूर्ण छात्रवृत्तिः वार्षिक शुल्कको ७५% भन्दा माथि,

ख) आंशिक छात्रवृत्तिः वार्षिक शुल्कको २५% देखि ७५% सम्म,

**११. आवश्यक कागजातः**

दफा ६ को खण्ड (ख) बमोजिम आवेदन पेस गर्दा देहाय बमोजिम कागजात संलग्न गर्नुपर्नेछः-

१) अनुसूची १ बमोजिमको छात्रवृत्ति आवेदन फारम,

२) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी/जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी,

३) तल्लो तहको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी,

४) सम्बन्धित क्याम्पसमा अध्ययन निरन्तरता खुल्नेगरि भर्ना भएको प्रमाण,

५) सम्बन्धित क्याम्पसमा नियमित र छात्रवृत्ति प्राप्त गर्न योग्य भएको सिफारिस,

६) आवश्यक आरक्षण खुल्ने प्रमाणित कागजात,

७) वडा कार्यालयको सिफारिस,

**१२. छात्रवृत्तिमा आरक्षणः**

१) छात्रवृत्तिमा आरक्षण सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः-

महिला कम्तीमा ५०%, दलित कम्तीमा ३०%, जनजाति कम्तीमा १८% र अन्य २%

(यसमध्ये तेस्रो लिङ्गी र अपाङ्गता भएका विद्यार्थीहरुलाई प्राथमिकता दिनुपर्नेछ)।

२) उपदफा (१) बमोजिमको महिलाको ५०% लाई १००% मानी उपलब्ध भएसम्म ५०% दलित महिलालाई उपलब्ध गराउनुपर्नेछ।

**१३. अयोग्यताः** पहिलो वर्ष छात्रवृत्ति प्राप्त गरेको विद्यार्थीले दोस्रो वर्ष संकाय र विषय परिवर्तन गरेमा छात्रवृत्ति रकम प्राप्त गर्न अयोग्य मानिनेछ ।

**१४. सहयोग रद्द गर्न सकिने अवस्थाः**

देहायको अवस्थामा छात्रवृत्ति सहयोग रद्द गर्न सकिनेछः-

क) संकाय, विषय, क्याम्पस परिवर्तन गरेमा,

ख) विद्यार्थीले बिचैमा अध्ययन गर्न छोडेमा,

ग) सम्बन्धित क्याम्पसले अयोग्य सिफारिस गरेमा,

घ) प्रतिवेदन नबुझाएमा,

**१५. प्रतिवेदन बुझाउनुपर्नेः**

छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुले नियमितरुपमा प्रतिवेदन गाउँपालिकामा बुझाउनु पर्नेछ।

**१६. कबुलियत गर्नुपर्नेः**

१) यस गाउँपालिकाबाट प्रदान गरिएको पूर्ण तथा आंशिक छात्रवृत्ति प्राप्त गरेको विद्यार्थीले आफ्नो सम्बन्धित तहको अध्ययन पूरा गरिसकेपछी गाउँपालिकाले तोकेको सेवा क्षेत्रमा गई आंशिक छात्रवृत्ति पाएको विद्यार्थीको हकमा कम्तीमा ६ महिना र पूर्ण छात्रवृत्ति पाएको विद्यार्थीको हकमा कम्तीमा १ वर्ष अनिवार्य सेवा प्रदान गर्नुपर्नेछ।

२) कबुलियतनामा गर्ने ढाँचा अनुसूची २ बमोजिम हुनेछ।

३) छात्रवृत्ति रकम प्राप्त गर्ने विद्यार्थीले आफ्नो अध्ययन तथा अनुसन्धान पूरा गरी उपदफा १ बमोजिमको शर्त पूरा नगरेको अवस्थामा दफा ८ बमोजिमको छात्रवृत्ति छनोट तथा सिफारिस समितिले रकम ब्याज सहित फिर्ता गराई अन्य आवश्यक कारवाही गर्नेछ।

**१७. बाधा अड्काउ फुकाउ र व्याख्याः**

क) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा गाउँकार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

ख) यस कार्यविधिको कुनै दफा तथा उपदफामा द्विविधा उत्पन्न भएमा व्याख्या गर्ने अधिकार गाउँकार्यपालिकामा निहित हुनेछ।

**१८. बचाउ र खारेजीः**

१) हालसम्म भएका काम कारवाही यसै बमोजिम भएको मानिनेछ।

२) यो कार्यविधिको प्रावधान प्रचलित कानूनसँग बाँझिएमा बाँझिएको हदसम्म अमान्य हुनेछ।

**१९. संशोधन**

यस कार्यविधि गाउँकार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ।

**अनुसूची १**

**दफा ६ को उपदफा (ख) सँग सम्बन्धित**

**छात्रवृत्तिको लागि आवेदन फाराम**

फोटो

कार्यालय प्रयोजनको लागि मात्र
विद्यार्थीको कोड नं.

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
गाउँ कार्यपालिकाको कार्यालय
तमानखोला गाउँपालिका, बागलुङ।

**विषयः छात्रवृत्ति उपलब्ध गराइ पाउँ।**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| नामः (नेपालीमा) | | | | | लिङ्गः | |
| नामः (अंग्रेजीमा) | | | | | | |
| नागरिकता नं. | | | जारी गर्ने जिल्लाः | | जारी मितिः | |
| स्थायी ठेगानाः | प्रदेश | | जिल्ला | | गा.पा./न.पा. | |
| | वडा नं. | | टोल | | सम्पर्क नं. | |
| बाबुको नाम, थरः | | | | | बाबुको पेसाः | |
| वार्षिक आम्दानीः | | | | | | |
| आमाको नाम, थरः | | | | | आमाको पेसाः | |
| जन्ममितिः | | | | दरखास्त दिने मितिमा आवेदकको उमेरः | | |
| शैक्षिक योग्यताको विवरणः | | | | | | |
| योग्यता | विद्यालय | | | उत्तीर्ण गरेको साल | | प्राप्ताङ्क (प्रतिशत/GPA) |
| कक्षा १० (एस.ई.ई) | | | | | | |
| कक्षा १२ | | | | | | |
| अन्य | | | | | | |
| विद्यार्थीको पेसा (भएमा) | | | | | | |
| अध्ययनरत शैक्षिक संस्था | | | | | | |
| माथि लेखिएको विवरण साँचो हो, झुठ्ठा ठहरे प्रचलित कानून बमोजिम सहुँला/बुझाउँला । | | | | | | |

| औठाको छाप | |
|---|---|
| | |
| दाँया | बाँया |

हस्ताक्षरः-

मितिः-

**अनुसूची २**

**दफा १६ को उपदफा २ सँग सम्बन्धित**

## कबुलियतनामाको ढाँचा

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
गाउँ कार्यपालिकाको कार्यालय
तमानखोला गाउँपालिका, बागलुङ।

**विषयः कबुलियतनामा सम्बन्धमा।**

प्रस्तुत विषयमा म यस गाउँपालिकाको वडा नं. .... को .................. मा बस्ने विद्यार्थी हुँ। मैले यस गाउँपालिकाको वडा नं. .... को श्री ......................................................... विद्यालयबाट विद्यालय तहको शिक्षा पूरा गरेको छु। साथै हाल म ................................................................................................ मा अध्ययनरत छु। म यस गाउँपालिकाबाट प्रदान गरिने छात्रवृत्तिको लागि योग्य भई छनोट भएको र सो छात्रवृत्ति पाएमा मैले लगनशीलताका साथ आफ्नो स्नातक/स्नातकोत्तर तहको अध्ययन पूरा गरी यस गाउँपालिकाले खटाएको सेवा क्षेत्रमा गई तोकिए बमोजिमको सेवा तथा सर्तको अधिनमा रही सेवा प्रदान गर्नेछु भनी निम्नलिखित व्यक्तिहरुको रोहवरमा यो कबुलियतनामा लेखी शिक्षा, युवा तथा खेलकुद शाखामा बुझाए।

| औठाको छाप | |
|---|---|
| | |
| दाँया | बाँया |

विद्यार्थीकोः
हस्ताक्षरः
नामः
ठेगानाः
अध्ययनरत क्याम्पसः

मितिः

**रोहवरः**

शिक्षा अधिकृत/शाखा प्रमुखः
हस्ताक्षरः
नामः
मितिः

आवेदकको बाबु/आमा/संरक्षक
हस्ताक्षरः
नामः
मितिः

| |
|---|
| आज्ञाले,<br>अमित परियार<br>प्रमुख प्रशासकीय अधिकृत |